**बैठक संख्याः १२/२०७९/०८०**

**मितिः २०७९/११/१३**

**समयः दिउँसो ३:०० बजे**

**स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष**

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | चन्द्रसिंह श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |
| **अन्य** | | | | |
| १. | सन्तोष पार्तीमगर | | प्र.व-इन्जीनियर | भूमे गा.पा. कार्यालय |
| | | | | |
| | | | | |

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. १२/०७९-८० मिति २०७९।११।१३ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

प्रस्तावहरु:

| प्रस्ताव नं. | बैठक प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १. | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा | |
| २. | ५ शैया अस्पताल सडक पहुँच | |
| ३. | झोलुङ्गे पुल सूची सम्बन्धमा | |
| ४. | कोल्ड स्टोर विस्तृत परियोजना प्रतिवेदन सम्वन्धमा | |
| ५. | विविध खर्च भुक्तानी सम्बन्धमा | |
| ६. | मगर दिवस मनाउने सम्बन्धमा | |
| ७. | राष्ट्रपति रनिङ शिल्ड सम्बन्धमा | |
| ८. | शहीद धनमाया श्रेष्ठ महिला उद्यमी कार्यक्रम सञ्चालन कार्यविधि | |
| ९. | प्रधानमन्त्री रोजगार कार्यक्रम | |

निर्णय प्रमाणित गर्ने
हस्ताक्षर:
नाम:
पद:
२०७९।११।१३

भूमे गाउँपालिका, रूकुम (पूर्व)

**बैठक सं. १२/०७९-८० मिति २०७९।११।१३ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब**

**निर्णय नं. १:**

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को बैठक संख्या ११ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा ८ वटा निर्णयहरुमध्ये ५ वटा निर्णय कार्यान्वयन भएकाले सबै निर्णय कार्यान्वयनमा जोड दिनुपर्ने र आगामी दिनमा निर्णय कार्यान्वयन कार्ययोजना समेत तयार गर्ने निश्कर्ष निकालियो।

**निर्णय नं. २:**

भूमे गाउँपालिका वडा नं. ९ चुनबाङमा निर्माणाधीन ५ शैया अस्पताल भवन सडक पहुँचका लागि सडक निर्माण भएकोले अनुगमन समितिबाट अनुगमन गरी निर्माण खर्च वापतको रकम रु. ३३,७०७।६७ कन्टिजेन्सी कोषबाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. ३:**

आधारभूत सेवामा सहज पहुँचको लागि आधा घण्टाको फेरोमा झोलुङ्गे पुल निर्माण गर्ने चालु पन्ध्रौं योजनाको लक्ष्य बमोजिम गाउँपालिकाभित्र आवश्यक पर्ने झोलुङ्गे पुलहरुको विवरण स्थानीयबासीसँगको छलफलमा वडा कार्यालयहरु तथा वस्तीस्तर र गुरुयोजनामा समावेश भएका संलग्न सूची बमोजिमका झोलुङ्गे पुलहरुको सूची स्वीकृत गरी स्थानीय पूर्वाधार विभागसमक्ष पठाउने निर्णय सर्वसम्मत रुपमा गरियो।

**निर्णय नं. ४:**

आगामी फागुन १५ गते आदिवासी जनजाति समुदायमध्येको मगर समुदायको राष्ट्रिय दिवस मनाउन विविध खर्च तथा व्यवस्थापनका लागि गाउँपालिकाको विविध खर्च शीर्षकबाट रु. १०००००।- (एक लाख मात्र) नबढ्ने गरी बिल भरपाई बमोजिम भुक्तानी गर्ने गरी बजेट व्यवस्था गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. ५:**

उत्पादित कृषि उपज तथा खाद्य सामग्री भण्डारण गर्ने चिस्यान केन्द्र (कोल्ड स्टोर) निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन थप संशोधनपछि गाउँ कार्यपालिकाबाट स्वीकृत गरेपछि कार्यान्वयन प्रक्रिया तत्काल अगाडि बढाउने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. ६:**

जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागिताका लागि चालु आर्थिक वर्षको विनियोजित बजेटबाट नपुग हुने भएकाले रु. १३००००।– (एक लाख तीस हजार मात्र) नबढ्ने गरी स्वीकृत वार्षिक विकास कार्यक्रमको युवा विकास केन्द्र भलिबल कोच तालिम/प्रतियोगिता (महिला, पुरुष)बाट भुक्तानी हुने गरी थप बजेट स्वीकृत गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

निर्णय प्रमाणित गर्दछु
हस्ताक्षर:
मिति: २०७९।११।१३
पद:

## भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. १२/०७९-८० मिति २०७९/११/१३ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

**निर्णय नं. ७:**

भूमे गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने महिलाहरुको सीप विकास, क्षमता अभिवृद्धि तथा प्रविधि हस्तान्तरणमार्फत उद्यमशिलताको विकास गरी उत्पादन, उद्यम एवं व्यवसायसँग सम्वन्धित कार्यक्रम मार्फत स्थानीय उत्पादन तथा रोजगारी सृजना गर्न तथा टेवा पूँजी उपलब्ध गराउने कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न शहिद धनमायाँ श्रेष्ठ महिला उद्यमी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाहरुमा बेरोजगार श्रमिकहरुको दैनिक ज्याला वापतको रकम संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदानबाट भुक्तानी गर्ने र श्रमिकका लागि आवश्यक पर्ने निर्माण औजार तथा सामग्रीहरु गाउँपालिकाको स्वीकृत कार्यक्रम प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय साझेदारी शीर्षकमा विनियोजित बजेटबाट खर्च गर्ने गरी कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिलः

| क.सं. | विवरण | एकाइ | परिणाम | दर | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | औजार, उपकरणहरु खरिद | सेट | ११ | | ३४७८०० | ११ वटै आयोजनाका लागि |
| २ | फिल्ड निर्माणका लागि तारजाली खरिद (२x१x१) | वटा | ७० | ३८३० | २६८१०० | मोरावाङ फिल्ड निर्माण |
| ३ | फिल्ड निर्माणका लागि तारजाली खरिद (१.५x१x१) | वटा | ७० | २८१० | १९६७०० | |

**निर्णयमा फरक मतको अभिलेख**

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| फरक मत नरहेको | | | |

[2]